सरावल गाउँपालिका

**Sarawal Rural Municipality**

गाँउ कार्यपालिकाको कार्यालय

**Office Of The Municipality Executive**

सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

**Sarawal, Nawalparasi (Bardghat-Susta West)**

लुम्बिनी प्रदेश, नेपाल

Lumbini Province, Nepal


पत्र संख्या:२०८२/८३

च.नं.

मिति:२०८२/१२/१७

## सरावल गाउँपालिका बासीहरुमा हार्दिक अनुरोध ।

मौसम परिवर्तन संगै तराई क्षेत्रमा हावाहुरी चल्ने तथा गहुँ बाली भित्र्याउने समय भएको र कृषकहरुले गहुँ काटेर बाँकी रहेको नल (ठुठो) मा आगो लगाउने प्रचलनले बाली र मानव बस्तीमा समेत आगो लागि भई जनधनको क्षति हुन सक्ने साथै वातावणमा प्रदुषण हुनसक्ने भएकोले उक्त गहुँको नल (ठुठो) लाई आगो नलगाएर भुसको रुपमा गाईभैसीलाई खानाको लागि प्रयोग गर्नुहुन अनुरोध छ ।साथै यस गर्मीयाम तथा हावाहुरीको समयमा सम्पुर्ण सरावलवासी आमाबुवा तथा दाजुभाई दिदीबहिनीहरुमा आगलागिबाट हुन सक्ने घटना हुन नदिन निम्न कामहरुमा विशेष सर्तकता अपनाउनुहुन हार्दिक अनुरोध छ ।

- विद्युतीय उपकरणहरुको प्रयोग ।
- चुरोट तथा धुम्रपान ।
- खाना पकाएपछि भान्सा तथा चुलोमा रहने आगो व्यवस्थापन ।
- खुल्ला चौर,खेत तथा वनजंगलमा आगोजन्य वस्तुको प्रयोग ।

त्यसैले कहीकतै यस्ता किसिमका आगलागि हुनसक्ने किसिमका कामहरु नगर्नु नगराउन साथै कुनै घटना भएको भएकोमा निम्न स्थानमा अविलम्ब सम्पर्क गर्नु सम्बन्धित सबैमा सुचित गरिन्छ।

- नजिकको प्रहरी कार्यालय वा प्रहरीको आपतकालिन सम्पर्क नं. १००
- सरावल गाउँपालिका वन,वातावरण तथा विपद् व्यवस्थापन शाखा नं.९८६७४२६३६७ ९८५७०४८९४३
- सम्बन्धि वडा अध्यक्ष तथा जनप्रतिनिधि ।
- स्वास्थ्य सेवा आवश्यक परेमा नजिकको स्वास्थ्य चौकी।
- सरावल गाउँपालिका एम्बुलेन्स सेवा सम्पर्क नं.९८५७०४७९५०
- दमकलसेवासम्पर्कनं. बर्दघाट नगरपालिका(१०१,०७८५७०४०७, ९८५७०८१९४४)
  रामग्राम नगरपालिका (१०१, ०७८५२०८७४,९८६६१५४५६२)

सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष